**बैजनाथ गाउँपालिका**

# बैजनाथ राजपत्र

**खण्ड : ०५ संख्या : ०५ भाग : ०२ प्रकाशित मिति : २०७८/१२/१४**


## बैजनाथ गाउँपालिकाको छात्रवृत्ती वितरण कार्यविधि, २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/१०/१६
गाउँपालिका अध्यक्षबाट प्रमाणिकरण मिति : २०७८/१०/२५

**प्रस्तावनाः**

बैजनाथ गाउँ पालिकामा बिपन्न तथा गरिब समुदायका छात्राहरुलाइ स्वाबलम्बी र आत्मनिर्भर बनाइ बैजनाथ गाउ पालिकाको शैक्षिक उन्नयनका लागि गरिब तथा बिपन्न छात्रालाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ती प्रदान गर्ने बैजनाथ गाउँपालिकाको आ.ब. २०७८/७९ को बजेट वक्तब्यको अनुसारको कार्यक्रम कार्यान्वयन गर्न वान्छनीय भएकोले बैजनाथ गाउ पालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बैजनाथ गाउकार्यपालिकाले यो कार्यविधि स्विकरी गरि लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भ

## संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्यविधिको नाम "बैजनाथ गाउँ पालिकाको गरिब तथा बिपन्न छात्राहरुको लागि उच्च शिक्षा छात्रवृति व्यवस्थापन कार्यविधि २०७८ " रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिका क्षेत्र भरि लागू हुनेछ ।
(३) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** बिषय र प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमा

क. **"कार्यपालिका"** भन्नाले बैजनाथ गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।
ख. **"अध्यक्ष"** भन्नाले बैजनाथ गाउँ पालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग.**"प्रमुख प्रशासकीय अधिकृत "** भन्नाले बैजनाथ गाउँ पालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

घ.**"उच्च शिक्षा " भन्नाले** परिच्छेद २ मा उल्लेखित बिषयहरुको अध्ययन सम्झनु पर्दछ ।

ङ.**"शिक्षा शाखा"** भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेने शाखालाई सम्झनु पर्दछ ।

च)**"सामुदायिक बिद्यालय "** भन्नाले स्थानीय तह वा व्यवस्थापन समितिले जिम्मा लिएको **बिद्यालय** सम्झनु पर्दछ ।

## परिच्छेद २

## छात्रबृत्ति प्रदान गरिने बिषय र तह

**३.** यो कार्यविधि अन्तरगत कुनैपनि बिषयमा उच्च शिक्षा (स्नातक वा सो भन्दा माथि ) अध्ययन गर्न चाहने छात्राहरुका लागि छात्रवृति प्रदान गर्न सकिने छ । यसरी वितरण गर्दा विनियोजित बजेटको सिमा र स्वीकृत आबेदनहरुको संख्याको आधारमा छात्रवृति छनौट समितिले निर्णय गरे बमोजमको रकम छनौट भएका छात्राहरुलाई प्रदान गरिनेछ |

## परिच्छेद ३

## छात्रवृत्तीको लागि आधारभूत मापदण्ड

४. देहायको मापदण्ड वा योग्यता पुगेको अवस्थामा मात्र अनुसूची- १ बमोजिमको निवेदन उपर छानबिन गरी छात्रबृत्ति प्रदान गर्न सकिने छ ।

क. गाउँ पालिकाको स्थायी बासिन्दा भएको हुनुपर्ने

ख. गरिब तथा विपन्न परिवारको हुनुपर्ने

ग. सामुदायिक बिद्यालयबाट SEE / SLC उतिर्ण गरेको

घ. +२ मा सबैभन्दा धेरै अंक वा GPA ल्याएको

ङ. सम्बन्धित वडाबाट सिफारिस भइ आएको

**निबेदन साथ सग्लंग गर्नु पर्ने कागजातहरु**

क. गाउँ पालिकाभित्रको स्थायी बासिन्दाको वडाको सिफारिस (बसाइ सरि आएको भए बसाइ सराइको प्रमाण पत्रको प्रतिलिपी

ख. गरिब तथा बिपन्न छात्रा भनि प्रमाणित गरेको सम्बन्धित वडाको सिफारिस

ग. सामुदायिक बिध्यालयबाट एसएलसी/एसईई उतिर्ण गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

घ . नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ङ. स्नातक तह भर्ना भएको प्रमाण वा निस्सा

च. शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपि

छ. आफुले अध्ययन गर्न चाहेको बिषय खुलेको निबेदन अनुसूची -१ बमोजिमको निबेदन

यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै व्यक्ति वा विद्यार्थीले उल्लेखित छात्रवृति एक पटक मात्र पाउने छ ।

## परिच्छेद -४

## छात्रबृत्ति सिफारिस समिति

५. छात्रबृत्ति प्रदान गर्ने प्रयोजनको लागि गाउँकार्यपालिकामा देहाय बमोजिमको छात्रबृत्ति सिफारिस समिति रहनेछ ।

| | | |
|---|---|---|
| क. | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख. | सामाजिक विकास समिति संयोजक | सदस्य |
| ग. | कार्यपालिका सदस्यहरुमध्ये बाट १ जना महिला सहित ३ जना | सदस्य |
| घ. | महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |
| ङ. | शिक्षा शाखा प्रमुख | -सदस्य सचिब |

समितिको बैठकमा २ जना पदाधिकारी तथा कर्मचारीलाई आमन्त्रित गर्न सकिने छ | समितिको बैठक आवश्यकता अनुसार बस्ने सकिने छ |

## परिच्छेद -५

## छात्रबृत्ति सिफारिस समितिको काम कर्तब्य र अधिकार

६. **छात्रबृत्ति सिफारिस समितिको काम, कर्तब्य र अधिकार** : छात्रबृत्ति सिफारिस समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. छात्रवृत्तिको लागि प्राप्त आबेदनहरुको अध्ययन गर्ने ,

ख. उपयुक्त आबेदनहरुलाई स्वीकृत गरि सुची तयार गर्ने ,

ग. उक्त सूचीलाई छनौटको लागि कार्यपालिकामा सिफारिस गर्ने,

ङ. आबेदनहरु माथि दाबि बिरोध आएमा छानबिन गर्ने,

च .गाउँ पालिकाबाट तोके बमोजिमका अन्य कार्य गर्ने ।

(७) कार्यविधि शंसोधन , खारेजी : यो कार्यविधि आबश्यकताको आधारमा शंसोधन वा खारेजी गर्ने सम्पूर्ण अधिकार कार्यापालिकामा निहित हुनेछ |

**अनुसूची १**
**बैजनाथ गाउपालिका**
**गाउकार्यापालिकको कार्यालय , बाँके**
**छात्रबृत्ति आवेदन फारमको नमुना**

मिति :...................................

श्रीमान अध्यक्ष ज्यु
बैजनाथ गाउपालिका
रामपुर बाँके

**बिषयः छात्रवृत्ति उपलब्ध गराईदिने बारे |**

प्रस्तुत बिषयमा यस गाउ पालिका वार्ड न ................ स्थायी निवासी .............. ........................... ................ ......................को नातिनी .............................. ....................................... ..................को छोरी म ............. .............................. ................. ........................ ले यस गाउ पालिकाबाट वितरण हुने छात्रवृत्ति .......... .......... .................... संकायको .................. ................................. ................................बिश्वबिद्यालयको ............... ......................... ................................. डिप्लोमा / स्नातक तह ......................................... ...................................................... क्याम्पसमा अध्ययनको लागि छात्रवृत्ति पाउ भनि यो निबेदन पेश गर्दछु |

निवेदक
नाम थर :
दस्तखत

आज्ञाले,
दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

मुद्रण : मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. ५/-
घरेलु दर्ता नं. ११९/४६१४/२०७०/२०७१